बेलडाँडी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## बेलडाँडी, कञ्चनपुर

### सुदूरपश्चिम प्रदेश

**आ.व.२०८०/०८१ मा विज्ञापन एजेन्सी/फर्म/कम्पनीहरूबाट पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धि शिलबन्दी प्रस्ताव पेश गर्ने वारे सूचना**

प्रथम पटक प्रकाशित मिति २०८०। ०४ ।२४

यस गाउँपालिकालाई आ.व. २०८०/०८१ को लागि आवश्यक पर्ने राष्ट्रिय स्तरका दैनिक पत्र पत्रिकामा प्रतिस्पर्धा मार्फत सबै भन्दा बढी छुट कबोल गर्ने विज्ञापन एजेन्सी/ फर्म/कम्पनी/ संस्थाबाट कार्य गराउनु पर्ने भएकोले सो सम्बन्धि कार्य गर्न ईच्छुक ईजाजत प्राप्त विज्ञापन एजेन्सी/ फर्म/कम्पनी/ संस्थाहरूले आफुले पत्रिका अनुसार दिन सक्ने छुट सहितको दररेट यसै सूचनासाथ संलग्न विवरणहरू यस कार्यालयको वेबसाईट: beldandimun.gov.np बाट डाउनलोड गरि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तपसीलको कागजपत्रहरु सहित पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

- संस्था / एजेन्सी अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र
- अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र,
- मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र,
- स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र,
- आ. व. २०७८/०७९ सम्मको कर चुक्ता प्रमाण पत्र
- बिज्ञापन बोर्डमा दर्ता तथा नविकरण भएको प्रतिलिपि
- निवेदन

पदम राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

*(नोटः प्रस्ताव पेश गर्ने अन्तीम मितिः २०८०।०५।०६ गते अपरान्ह ५:०० बजे सम्म, प्रस्ताव खोल्ने मिति २०८०।०५।०७ गते दिंउसो १२ बजे। प्रस्ताव पेश गर्ने अन्तीम दिन वा प्रस्ताव खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा उल्लेखित कार्य लगत्तै कार्यालय खुल्ने दिन गरिनेछ।)*

Scanned with CamScanner

बैलडाँडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैलडाँडी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

# पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धि प्रस्ताव

त्यस कार्यालयबाट पत्रपत्रिकामा विभिन्न सूचना प्रकाशन गर्ने प्रयोजनको लागि छुट सम्बन्धि प्रस्ताव माग भए बमोजिम संलग्न फाराममा उल्लेखित कार्यक्षेत्रगत लगायतका शर्तहरूको अधीनमा रही पत्रपत्रिकाहरूमा सूचना प्रकाशन गर्ने कार्य गर्न सहमत भई यो प्रस्ता पेश गरेको छु/छौ ।

फर्म/कम्पनीको नामः

ठेगानाः

फर्म/कम्पनीको तर्फबाट अख्तियारवालाको दस्तखत
(संचालक, प्रोपराईटर वा संस्थाले अख्तियारी दिएको व्यक्ती)

पुरा नामः

मितिः

फोन नं.

फर्मको छापः

मोबाईल नं.

Scanned with CamScanner

बेलडाँडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेलडाँडी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

खण्ड क

## सामान्य जानकारी तथा शर्तहरूः

### १. प्रस्ताव पेश गर्ने प्रस्तावदातालाई निर्देशनः

१.१ प्रस्तावदाताले प्रस्तावको बाहिरपट्टी शिरमा "बेलडाँडी गाउँपालिकाको लागि पत्रपत्रिकामा सूचना पेकाशन गर्ने प्रयोजनको लागि छुट सम्बन्धि प्रस्ताव" भन्ने लेखी श्री प्रमुख प्रशासकीय अधिकृत बेलडाँडी गाउँपालिका, बेलडाँडी कञ्चनपुरलाई सम्बोधन गरेको हुनु पर्दछ।

१.२ प्रस्तावदाताले छुट दिन प्रस्ताव गरेको प्रतिशत अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। सो लेख्दा केरमेट नगरी स्पष्ट बुझिने गरि लेख्नु पर्नेछ। सो बमोजिम स्पष्ट उल्लेख नभएको प्रस्तावलाई मान्यता दिईने छैन।

१.३ प्रस्ताव पेश गर्ने समयमा प्रस्तावदाताले प्रस्ताव सहित तोकिएको पत्रपत्रिकाले आधिकारिक रूपमा प्रकाशित गरेको दररेट समेत पेश गर्नु पर्नेछ।

१.४ पेश भएका सम्पूर्ण कागजातहरूमा प्रस्तावदाताले रीतपूर्वक दस्तखत गरि आफ्नो फर्म/कम्पनीको छाप लगाउनु पर्नेछ।

१.५ प्रस्तावदाताले पेश गरेको प्रस्ताव स्वीकार गर्ने/नगर्ने वा आंशिक रूपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ।

१.६ रित नपुगेका र तोकिएका कागजातहरू संलग्न भई नआएका प्रस्तावहरू रद्द गरिनेछ।

१.७ प्रस्ताव सम्बन्धि कुनै कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

### २. प्रस्तावदाताले कार्य सम्पादनका सिलसिलामा पालना गर्नुपर्ने कार्य क्षेत्रगत शर्तहरूः

२.१ कबोल छुट प्रतिशत सम्बन्धित पत्रिपत्रिकाले आधिकारिक रूपमा प्रकाशित गरेको दररेटमा लागु हुनेछ। सम्बन्धित पत्रपत्रिकाले प्रकाशित गरेको दररेटमा कुनै परिवर्तन गरेमा प्रस्तावदाताले सो वारे यथासम्भव छिटो यस कार्यालयलाई जानकारी गराउनु पर्नेछ।

२.२ सम्बन्धित पत्रपत्रिकाले सूचना प्रकाशन गर्ने सम्बन्धमा कुनै किसिमको विशेष योजना (छुट) ल्याएमा सो बमोजिमको थप छुट यस कार्यालयलाई समेत उपलब्ध गराउनु पर्नेछ।

२.३ प्रकाशन गर्नु पर्ने सूचना यस कार्यालयले दिएको लिखित आदेश बमोजिम तोकिएको मित, समय र पृष्ठमा मात्र प्रकाशन गर्नु पर्नेछ।

२.४ यस कार्यालले दिएको आदेश विपरित प्रकाशित सामग्रीको रकम यस कार्यालयले भुक्तानी गर्ने छैन।

२.५ सामान्यतथा सूचना प्रकाशनको लागि प्रकाशन गर्ने दिनको १ दिनमा वा सो दिन अगावै यथासमयमै लिखित आदेश र सूचना उपलब्ध गराईनेछ। तर आकस्मिक रूपमा सूचना प्रकाशन गर्नु पर्ने भएमा उपलब्ध समयलाई ध्यानदिई आपसी समन्वयमा तत्काल सो दिनको भोलिपल्ट प्रकाशन गर्ने व्यवस्था

Scanned with CamScanner

मिलाउनु पर्नेछ।

२.६ स्वीकृत प्रस्तावदाताले प्रकाशित गर्नुपर्ने सूचना यस कार्यालले तोकेको ठाँउमा गई संकलन गर्नु पर्नेछ।

२.७ स्वीकृत प्रस्तावदाताले कार्य सम्पन्न भएपछि सो वापतको बिल यस कार्यालयमा पेश गर्नु पर्नेछ।

२.८ स्वीकृत प्रस्तावदाताको सेवा सन्तोषजनक नलागेको अवस्थामा कुनै पनि बखत १५ दिनको लिखित जानकारी दिएर सम्झौता भंग गर्न सकिनेछ।

**३ प्रस्तावदाताले प्रस्ताव पेश गर्दा प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरू:**

प्रस्तावदाताले प्रस्तावका साथ निम्न बमोजिमका कागजातहरू पेश गर्नु पर्नेछः

क. प्रस्तावदाताले यस कार्यालयको सूचना प्रकाशन कार्य गर्न गोरखापत्र, कान्तीपुर दैनिक,नयाँपत्रिका, कारोबार,राष्ट्रिय अभियान, The Rising Nepal, Kathmandu Post, Republica, The Himalayan Times लगायतका अन्य पत्रपत्रिकाको लागि आधिकारिक रूपमा एजेन्सीको रूपमा कार्य गर्न प्राप्त गरेको नविकरण भएको प्रमाणपत्र अनिवार्य रूपमा पेश गर्नु पर्नेछ।

ख. प्रस्तावदाताले उपरोक्तानुसारको पत्रपत्रिकाको विज्ञापनको साईज सहितको आधिकारिक दररेटको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नु पर्नेछ।

**४ मुल्यांकन सम्बन्धि व्यवस्था**

४.१ प्रस्तावदाताले पेश गरेको छुट प्रतिशत अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

४.२ तोकिएका प्रत्येक पत्रपत्रिकाको लागि छुट्टा छुट्टै रूपमा मुल्यांकन गरिनेछ।

४.३ तोकिए बमोजिमका कागजातहरू समावेश गरि कार्यक्षेत्रगत शर्तहरू अनुरूप कार्य गर्न ईच्छुक प्रस्तावदाताहरू मध्ये सबैभन्दा बढी छुटको प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ।

**५. भुक्तानी सम्बन्धि व्यवस्था:**

५.१ स्वीकृत प्रस्तावदाताबाट कार्य सम्पन्न पश्चात पेश हुन आएको बिलको भुक्तानी EFT System बाट गरिनेछ।

५.२ प्रस्ताव सम्बन्धि फाराममा उल्लेखित कबोल छुट प्रतिशत सम्झौता भएको मितिले १ वर्षको लागि कायम रहनेछ।

**६. विविध व्यवस्था:**

६.१ प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर तथा दस्तुर प्रस्तावदाता स्वयंले व्यहोर्नु पर्नेछ।

६.२ प्रस्ताव सम्बन्धि अन्य कुराहरू सार्वजिनक खरिद ऐन २०६३ तथा सार्वजिनक खरिद नियमावली २०६४ अनुसार हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

बेलडाँडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेलडाँडी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**खण्ड खः**

## आर्थिक प्रस्ताव

| क्र.सं. | राष्ट्रिय पत्रिकाको नाम | दररेट (प्रति सि.सि.) | एकमुष्ट छुट प्रतिशत | |
|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा |
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |
| ११. | | | | |
| १२. | | | | |
| १३. | | | | |
| १४. | | | | |
| १५. | | | | |
| १६. | | | | |
| १७. | | | | |
| १८. | | | | |
| १९. | | | | |
| २०. | | | | |
| २१. | | | | |
| २२. | | | | |
| २३. | | | | |

**नोटः**

१) छुट प्रतिशत सम्बन्धित पत्रपत्रिकाको आधिकारिक रूपमा प्रकाशित दररेटमा लागु हुनेछ।

२) छुट प्रतिशत सम्झौता भए पश्चात १ वर्ष सम्मको लागि लागु हुनेछ।

३) आधिकारिक रूपमा प्रकाशित दररेटमा उल्लिखत कबोल छुट रकम घटाएपछि आउने रकममा मुल्य अभिबृद्धि कर लाग्नेछ।

**प्रस्तावकको नामः**

**हस्ताक्षरः**

**फर्मको छापः**

**मितिः**

Scanned with CamScanner